






राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन २२ गते शुक्रबार ❑ 7 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## मर्दी हिमालमा तीन दिनदेखि अलपत्र परेका तीन युवाको उद्धार

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

कास्कीको मर्दी हिमाल पदयात्राका क्रममा बाटो बिराएर तीन दिनदेखि अलपत्र परेका पोखराका तीन जना युवाको बिहीबार सकुशल उद्धार गरिएको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. २४ गण हेडक्वार्टर कालिका कास्कीको नेतृत्वमा नेपाल प्रहरी, नेपाली सेना तथा स्थानीयको संयुक्त प्रयासपछि उहाँहरुलाई अन्नपूर्ण गाउँपालिका-११ अन्तर्गत छुमरुङ फेदी नजिकको मोदी खोलाको पारिपट्टिबाट सुरक्षित उद्धार गरिएको हो ।

उद्धार गरिएका युवामा पोखरा महानगरपालिका-१४ खसिबजारका २६ वर्षीय करण लामा, २४ वर्षीय अजित जिसी र २३ वर्षीय युकेश गुरुङ रहनु भएको कास्की प्रहरीले जनाएको छ । प्रारम्भिक सूचनामा दिपेश गुरुङ उल्लेख गरिए पनि पछि उनी करण लामा रहेको पुष्टि भएको प्रहरीले जनाएको छ।

तीनै जना साउन १९ गते मर्दी हिमाल पदयात्राका लागि जानु भएको थियो । साउन २० गते बिहान करिब ८ बजेसम्म परिवारसँग सम्पर्कमा रहनु भएको यहाँहरु त्यसपछि सम्पर्कविहीन हुनु भएको थियो । स्थानीय होटल व्यवसायी प्रेम अधिकारी सहितको टोलीले खोजी गरे पनि फेला पार्न नसकेपछि जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (डीईओसी) कास्कीमार्फत सुरक्षा निकायलाई सूचना गरिएको थियो।

सूचना प्राप्त हुनासाथ सशस्त्र प्रहरी बल नेपाल नं. २४ गण हेडक्वार्टर कालिका कास्कीबाट सशस्त्र प्रहरी निरीक्षक साजन श्रेष्ठको कमाण्डमा १० सदस्यीय विपद् व्यवस्थापन टोली आवश्यक उद्धार सामग्रीसहित घटनास्थलतर्फ परिचालन गरिएको थियो । नेपाल प्रहरी, नेपाली सेना, स्थानीय बासिन्दा र जनप्रतिनिधिको समेत समन्वयमा व्यापक खोज तथा उद्धार अभियान सञ्चालन गरिएको थियो। खोजीका क्रममा बिहीबार साँझ करिब ६:२० बजे उहाँहरु मोदी खोलाको पारिपट्टि सम्पर्कमा आउनु भएको थियो। तर वर्षाका कारण मोदी खोलामा पानीको बहाव अत्यधिक भएकाले तत्काल उद्धार सम्भव नभए पनि विहिबार मात्र उद्धार गरिएको हो। सुरक्षाकर्मीहरूले निर्माणाधीन अपर मोदी जलविद्युत् आयोजनाको एक्साभेटरको सहयोगमा अस्थायी फड्के निर्माण गर्ने तथा खोलाको पानीको बहावलाई एकीकृत गरी सुरक्षित बनाउने प्रयास गर्नु भएको थियो। अन्धकार र जोखिमका कारण राति उद्धार स्थगित गर्दै युवाहरूलाई सुरक्षित स्थानमै बस्न आग्रह गरिएको थियो। शुक्रबार बिहानदेखि पुनः उद्धार अभियान सुरु गरियो । प्रतिकूल मौसम र दुर्गम भौगोलिक अवस्थाका कारण हेलिकोप्टरमार्फत उद्धारसमेत सम्भव नभएपछि सशस्त्र प्रहरीले जोखिम मोलेरै उहाँहरुलाई उद्धार गरेको स्थानियले बताउनु भयो।

उद्धारका क्रममा सशस्त्र प्रहरी जवान सुमन नेपालीले निर्माणाधीन घान्द्रुक जलविद्युत् आयोजनाको हाईटेन्सन लाइनको करिब १०० मिटर लामो तारको सहारा लिएर जोखिमपूर्ण मोदी खोला पार गर्नु भएको थियो । त्यसपछि विभिन्न प्रकारका डोरी प्रयोग गरी सुरक्षित रोप प्रणाली (रोप बेस) तयार गरिएको थियो। सोही प्रणालीको सहारामा सशस्त्र प्रहरी जवान देवराज खनाल र शंकर चौधरीसमेत खोलापार पुग्नु भएको थियो।

उद्धारपछि एमएफआर (मेडिकल फर्स्ट रेस्पोन्डर) तालिम प्राप्त सशस्त्र प्रहरीका स्वास्थ्यकर्मीले घटनास्थलमै प्राथमिक उपचार गराइएको थियो । प्रारम्भिक स्वास्थ्य परीक्षणअनुसार तीनै जनाको अवस्था सामान्य रहेको टोलीले जनाएको छ । उहाँहरुलाई हाल पोखरा ल्याइएको छ। प्रशासनले वर्षायाममा हिमाली पदयात्रामा निस्कँदा मौसम, पदमार्गको अवस्था र सुरक्षा मापदण्डबारे पर्याप्त जानकारी लिएर मात्रै यात्रा गर्न सबैमा आग्रह गरेको छ ।

## नेपालसँग श्रम सहकार्य विस्तार गर्न इजरायल इच्छुक छ: राजदूत बास

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन



नेपालका लागि इजरायलका राजदूत श्मुलिक एरी बासले इजरायल नेपालसँग श्रम सहकार्य विस्तारका लागि इच्छुक रहेको बताउनुभएको छ।

पोखरामा बिहीबार सञ्चारकर्मीहरुसँगको अन्तरक्रियामा उहाँले इजरायल र नेपाल सरकारबीच थप श्रम समझदारीका विषयमा छलफल भइरहेको बताउनुभयो । राजदूत बासले 'केयर गिभिङ', कृषिलगायतका क्षेत्रमा नेपालीलाई थप रोजगारीका अवसर उपलब्ध गराउन पहल भइरहेको बताउनुभयो । 'केयर गिभर'का रुपमा नेपाली श्रमिकले इजरायलमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको उहाँको भनाइ थियो । राजदूत बासले श्रम, रोजगारीसँगै कृषि, पर्यटन, सूचना-प्रविधिलगायत क्षेत्रमा दुई देशबीचको सहकार्यमा जोड दिनुभयो । सन् २००१ देखि सञ्चालनमा रहेको 'सिक्दै, कमाउँदै' कार्यक्रमअन्तर्गत कृषि विषयमा अध्ययनरत नेपाली विद्यार्थीले व्यावहारिक र सीपमूलक प्रशिक्षणको अवसर पाइरहको उहाँले बताउनुभयो । उक्त कार्यक्रममार्फत विद्यार्थीले केवल सैद्धान्तिक ज्ञान मात्र नभई आधुनिक कृषि प्रविधिको प्रत्यक्ष अनुभवसमेत प्राप्त गर्ने गरेको उहाँको भनाइ थियो। उक्त कार्यक्रममार्फत इजरायल पुगेका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कांग्रेसको आधिकारिकता विवादको फैसलामाथि पुनरावलोकन हुने

**रासस**
काठमाडौं, २१ साउन

सर्वोच्च अदालतले नेपाली कांग्रेसको आधिकारिकता विवादमा यसअघि गरेको फैसलामाथि पुनरावलोकन गर्न अनुमति हुने आदेश दिएको छ।

प्रधानन्यायाधीश डा मनोजकुमार शर्मा, न्यायाधीशहरू नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको पूर्ण इजलासले आज यसअघि गरेको फैसला पुनरवलोकन गर्न अनुमति हुने आदेश दिएको हो । अदालतको सो आदेशसँगै कांग्रेसको आधिकारिता विवादको फैसलामाथि पुनरावलोकन हुने भएको हो। कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सर्वोच्च अदालतमा पुनरावलोकन गर्न माग गर्दै निवेदन दिनुभएको थियो । अदालतले पुनरावलोकन गर्न ' निस्सा' (अनुमति) प्रदान गरेको हो । यसअघि, न्यायाधीशहरू सारङ्गा सुवेदी र नृपध्वज निरौलाको इजलासले गत वैशाख ४ गते विशेष महाधिवेशनबाट चुनिएका सभापति गगनकुमार थापाको कार्यसमितिलाई मान्यता दिएको थियो।

## पोखरामा एलपी ग्यास अभाव घटाउन डिलर र खुद्राबाटै बिक्री गर्न निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन


पोखरामा केही दिनदेखि देखिएको खाना पकाउने एलपी ग्यासको अभाव अब विस्तारै हटाउने रणनीतिमा प्रशासन र व्यावसायीले अधिकृत डिलर र खुद्रा बिक्रीबाटै बिक्रि गर्न आग्रह गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय कास्कीले शुक्रबारदेखि पोखराका सबै अधिकृत डिलर र खुद्रा बिक्री केन्द्रमार्फत नियमित वितरण गर्ने तयारी गरेसँगै बजार अवस्था सहज बनाउने भएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनु भयो।

उहाँका अनुसार पोखरामा दैनिक ६ हजारदेखि ८ हजार ५ सयसम्म ग्यास सिलिन्डर भित्रिरहेको छ। पछिल्ला दिनमा मुख्य डिलरमा अत्यधिक भीड हुँदा उपभोक्ताले लामो समय लाइनमा बस्नुपरे पनि अब सबै बिक्री केन्द्रबाट वितरण गरिने भएकाले चाप कम हुने विश्वास गरिएको सहायक प्रजिअ बरालले जनाउनु भयो। लामाचौर, पुरन्चौर, हेमजा, छोरेपाटन, पुम्दीभुम्दी लगायत क्षेत्रका उपभोक्ता समेत पोखरा बजारका मुख्य डिलरमा ग्यास लिन पुगेपछि बिहीबार रत्नचोकसहित विभिन्न स्थानमा लामो लाइन देखिएको थियो।

एलपी ग्यास विक्रेता संघ कास्कीका अध्यक्ष नारायण दाहालले अबको एक साताेदेखि १० दिनभित्र बजार पूर्ण रूपमा सामान्य अवस्थामा फर्किने दाबी गर्नुभयो । उहाँका अनुसार हाल शक्ति, गृहलक्ष्मी सहित १४ वटा कम्पनीका ग्यास सिलिन्डर नियमित रूपमा बजारमा वितरण भइरहेका छन् । दाहालका अनुसार अहिले देखिएको समस्या आपूर्तिभन्दा पनि उपभोक्ताले आवश्यकता भन्दा बढी ग्यास घरमै मौज्दात राख्न थालेपछि सिर्जना भएको हो । बजारमा कृत्रिम अभाव नभएको स्पष्ट पार्दै उहाँले आवश्यक भन्दा बढी ग्यास स्टोर नगर्न सबै उपभोक्तालाई आग्रह गर्नुभयो।

उहाँले सप्लायर्स मार्फत सबै अधिकृत डिलरलाई नियमित रूपमा ग्यास उपलब्ध गराइने जानकारी दिँदै उपभोक्तालाई मुख्य डिलरमा भीड लाग्नुभन्दा आफ्नो नजिकको अधिकृत डिलर वा सप्लायर्ससँग सम्पर्क गरेर ग्यास लिन सुझाव दिनुभयो। व्यवसायीका अनुसार पछिल्ला केही दिन आपूर्ति केही घटेको र बजारमा फैलिएको हल्लाका कारण उपभोक्ताले अतिरिक्त सिलिन्डर घरमा राख्न थालेपछि वितरण प्रणालीमा असन्तुलन देखिएको हो । प्रशासन र व्यवसायीबीचको समन्वयमा शुक्रबारदेखि वितरणलाई थप व्यवस्थित बनाइने भएकाले पोखरामा देखिएको ग्यास अभाव छिट्टै अन्त्य हुने प्रशासनले जनाएको छ।

# कञ्चन पत्रकारिता पुरस्कार २०८३ बाट पत्रकारद्वय सारु र जिटी सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

सातौँ कञ्चन पत्रकारिता पुरस्कार २०८३ बाट कास्कीका पत्रकार खेम सारु मगर र स्याङ्जाका पत्रकार गोपाल बहादुर जिटी सम्मानित भएका छन् ।

फोनिज गण्डकीले आयोजना गरेको पुरस्कार अर्पण समारोहमा पत्रकारद्वय सारु तथा जिटीलाई कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङ, पुरस्कारदाता बिमलमान गुभाजूलगायतले नगद २५/२५ हजार रुपैयाँसहित सम्मानपत्रले सम्मान गरेका हुन् । स्व.वेदमान गुभाजू तथा आमा स्व.नेत्रकुमारी गुभाजूको स्मृतिमा समाजसेवी तथा व्यवसायी बिमलमान गुमाजूद्वारा स्थापित यो पुरस्कार फोनिजको २७ औं स्थापना दिवसका अवसरमा फोनिज गण्डकीले बिहीबार अर्पण गरेको हो । कार्यक्रमका कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिङ गुरुङले जिल्ला प्रशासन र पत्रकार एकआपसमा



जोडिएको बताए । जिल्लाका कतिपय संवेदनशील विषयमा पत्रकारले ध्यान दिनुपर्नेमा उनको जोड थियो । आगामी दिनमा पनि पत्रकारिता क्षेत्रसंग सहकार्य गरेर अगाडि बढ्न आफू तयार रहेको उनले प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा पुरस्कृत पत्रकार खेम सारु मगरले जीवनको आधा समय पत्रकारिता क्षेत्रमा व्यतित गरिरहँदा यो पत्रकारिता पुरस्कारबाट सम्मानित हुनु आफ्नो लागिअहोभाग्यरहेकोबताए।त्यस्तै अर्का सम्मानित व्यक्ति जिटीले पत्रिका वितरकको रुपमा काम गर्दागर्दै पत्रकारिता क्षेत्रमा जोडिदा यो पुरस्कारले यही क्षेत्रमा अझै केही अगाडि बढ्ने प्रोत्साहन मिलेको बताए । कार्यक्रममा प्रमुख अतिथि कास्कीका प्रमुख जिल्ला अधिकारी गुरुङ, नवनियुक्त पोखरा प्रज्ञा प्रतिष्ठान उपकुलपति तिलप्रसाद पुन "तिलक", गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य कमलप्रसाद पौडेल, पोखरा प्रज्ञा प्रतिष्ठानका सदस्य, लेखक, फोनिजका सदस्य रवीन्द्र माकाजू, पुरस्कारदाता बिमलमान गुभाजूलाई सम्मान गरिएको थियो । कार्यक्रममा प्रज्ञा प्रतिष्ठान कास्कीका परिषद् सदस्य रवीन्द्र माकाजूले स्व.वेदमान गुभाजू तथा आमा स्व.नेत्रकुमारी गुभाजूका विषयमा जानकारी गराएका थिए । त्यस्तै गण्डकी प्रदेश फोनिजका संघीय सल्लाहकार शान्ति गुरुङले सम्मानित प्रतिभा परिचय दिएकी थिइन् । सम्मानित पत्रकार सारु विगत ३ दशक यता कास्कीको पोखरा तथा जिटी स्याङ्जामा विगत २ दशक यता पत्रकारिता क्षेत्रमा क्रियाशील रहेका छन् ।

यसभन्दा अगाडि यो पुरस्कारबाट कास्कीका रुद्रबहादुर थापा मगर, शान्ति गुरुङ, उदयबहादुर अमात्य, हुमबहादुर तमु, दीपेन्द्र श्रेष्ठ, राम गुरुङ, बाग्लुङका राजेशचन्द्र राजभण्डारी, नवलपुरका केवी राना मगर, लमजुङका आश गुरुङ, मुस्ताङका सुन्दरकुमार थकाली, नवलपुरका कमला राना मगर र गोरखाका कैलाशबाबु श्रेष्ठ सम्मानित भइसकेका छन् ।

फोनिज गण्डकीकी अध्यक्ष खिमा गुरुङको अध्यक्षतामा भएको कार्यक्रम महासचिव सुरज थापामगरले सञ्चालन गरेका थिए ।

# सामाजिक सुरक्षा कोषमा आबद्धको लागि विशेषज्ञ स्वास्थ्य सेवामा थप पहुँच

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

पोखरा १५ नयाँगाउँस्थित आई एन एफ नेपाल हरियोखर्क अस्पतालले सामाजिक सुरक्षा कोषमा आबद्ध योगदानकर्ता तथा उनीहरूका परिवारलाई स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने भएको छ ।

आई एन एफ नेपाल हरियोखर्क अस्पताल, पोखरा र सामाजिक सुरक्षा कोष, बानेश्वर, काठमाडौंबीच गएको मंगलवार स्वास्थ्य सुरक्षा योजना कार्यान्वयनसम्बन्धी सम्झौतामा हस्ताक्षर भएपछि उक्त सेवा सञ्चालनको प्रक्रिया अघि बढेको अस्पतालका सूचना अधिकारी एकदेव देवकोटाले बताउनुभयो । सम्झौताअनुसारसामाजिकसुरक्षा कोषका योगदानकर्ता, उनीहरूका श्रीमान/श्रीमती, सन्तान तथा योजनाले समेटेका परिवारका सदस्यले औषधोपचार तथा स्वास्थ्य सुरक्षा योजनाअन्तर्गत स्वास्थ्य सेवा प्राप्त गर्न सक्नेछन् ।




अस्पतालका सूचना अधिकारी देवकोटाका अनुसार स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक स्वीकृति प्राप्त भइसकेको जानकारी दिँदै सेवा सुरु गर्न केही प्राविधिक तयारी बाँकी रहेकाले सञ्चालन हुन केही समय लाग्ने बताउनुभयो ।

सम्झौतामा आइएनएफ नेपालको तर्फबाट कार्यकारी निर्देशक कृष्ण अधिकारी र मानव संसाधन व्यवस्थापक श्याम विकले हस्ताक्षर गरेका थिए। त्यसैगरी सामाजिक सुरक्षा कोषको तर्फबाट निर्देशक उत्तमराज नेपाल तथा उपनिर्देशक डा। सचित कुमार भण्डारीले हस्ताक्षर गरेका थिए ।

सामाजिक सुरक्षा कोषसँगको सम्झौतापछि पोखरा तथा आसपासका क्षेत्रमा रहेका योगदानकर्ताले आफ्नै क्षेत्रको स्वास्थ्य संस्थाबाट उपचार सेवा लिन सहज हुने अपेक्षा गरिएको छ ।

यसबाट स्वास्थ्य सेवामा पहुँच विस्तार हुनुका साथै योगदानकर्ताले सामाजिक सुरक्षा योजनाअन्तर्गत प्राप्त गर्ने सुविधाको प्रभावकारी कार्यान्वयनमा समेत सहयोग पुग्ने विश्वास अस्पतालले लिएको छ ।

# सेवा प्रवाहलाई चुस्त, पारदर्शी र नागरिकमैत्री बनाउनुपर्ने


**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा सुरु भएको छ । बिहीबार महानगरपालिकाअन्तर्गत वडा कार्यालयको वार्षिक प्रगतिको समीक्षा गरिएको हो ।

स ा ` त्र ़ म म ा महानगरप्रमुख धनराज आचार्यले सेवा प्रवाहलाई चुस्त, पारदर्शी र नागरिकमैत्री बनाउँदै विकास निर्माणको अभियानलाई थप तीव्रता दिनुपर्नेमा जोड दिनुभयो । उहाँले वडा कार्यालय नागरिकसँग प्रत्यक्ष जोडिने सरकारका निकाय भएकाले सेवा प्रवाहमा प्रभावकारिता, जबाफदेहिता र परिणाममुखी कार्यसम्पादन गर्न वडा सचिवलाई निर्देशन दिनुभयो ।

उपप्रमुख मञ्जुदेवी गुरुङले वडा कार्यालयको सेवा प्रवाहलाई थप सशक्त बनाउँदै सुशासन प्रवर्द्धन र नतिजामुखी कार्यसम्पादनमा जोड दिनुभयो । समीक्षा कार्यक्रममा वडा सचिवले गत आवमा वडाबाट सम्पादन भएका विकास निर्माण, सेवा प्रवाह, प्रशासनिककार्य तथा अन्य कार्यक्रमको प्रगति विवरण प्रस्तुत गरेका थिए । कार्यक्रममा गत आवमा हासिल भएका उपलब्धि, कार्यसम्पादनमा देखिएका समस्या तथा आगामी कार्यदिशाबारे छलफल गरिएको महानगरपालिकाले जनाएको छ । शुक्रबार महानगरपालिकाका विभिन्न महाशाखाको प्रगति समीक्षा गरिने भएको छ ।


## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


# पोखरामा विद्युतीय शवदाह गृह सञ्चालन आउने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

पोखरा महानगरपालिका-१० रामघाटमा निर्माण भएको आधुनिक विद्युतीय शवदाह गृह संचालनमा आउने तयारी भएको छ ।

पोखरा महानगरपालिकाले आवश्यक कार्यविधि तयार गरिसकेको र केही प्राविधिक तथा व्यवस्थापकीय प्रक्रिया पूरा भएपछि छिट्टै विद्युतीय शवदाह गृह सञ्चालनमा ल्याइने तयारी गरिएको पोखरा महानगरपालिकाका सूचना अधिकारी कृष्णप्रसाद तिवारी ले बताउनु भयो । "विद्युतीय शवदाह गृह सञ्चालनसँग सम्बन्धित केही व्यवस्थापकीय तथा प्राविधिक विषय अध्ययन गरेर आवश्यक कार्यविधि तयार गरिएको छ । अब केही समयभित्रै शवदाह गृह सञ्चालनमा ल्याउने तयारी छ," उहाँले भन्नुभयो । सूचना अधिकारी तिवारीका अनुसार बेवारिसे शवको व्यवस्थापन, सञ्चालनको जिम्मेवारी, सेवा सञ्चालनको प्रक्रिया तथा प्रति शव लाग्ने शुल्क निर्धारणलगायत विषयमा अन्तिम छलफल भइरहेको छ । प्रारम्भिक चरणमा प्रति शव करिब तीन हजार रुपैयाँ शुल्क निर्धारण गर्ने विषयमा छलफल भएको स्रोतले जनाएको छ । सहरी विकास मन्त्रालयको पहलमा निर्माण भएको यो वातावरणमैत्री संरचना सञ्चालनमा आएपछि परम्परागत दाउरा प्रयोगमा कमी आउने, वन संरक्षणमा टेवा पुग्ने, प्रदूषण घट्ने तथा शवदाह प्रक्रियालाई छिटो, सुरक्षित र व्यवस्थित बनाउन महत्वपूर्ण योगदान पुग्ने पोखराका मेयर धनराज आचार्यले बताउनु भयो ।

करिब १४ करोड १३ लाख ४७ हजार ६ सय ३६ रुपैयाँ लागतमा करिब ३ बर्ष अघि निर्माण सम्पन्न भएको अत्याधुनिक संरचना सञ्चालनमा ढिलाइ हुँदा स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन् । रामघाटस्थित आधुनिक विद्युतीय शवदाह गृह निर्माण सम्पन्न भएर हस्तान्तरण भएको लामो समय बितिसक्दा पनि सेवा सुरु हुन नसक्दा परिसरमा झारपात उम्रिएको छ भने करोडौं लगानीको संरचना प्रयोगविहीन बनेको छ । नियमित सञ्चालन नहुँदा जडान गरिएका विद्युतीय उपकरण बिग्रिने जोखिमसमेत बढेको स्थानीयको भनाइ छ । पोखरा महानगरपालिका-१० का वडा अध्यक्ष राजेश गुरुङ ले आधुनिक र वातावरणमैत्री शवदाह गृह तत्काल सञ्चालनमा ल्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँका अनुसार स्थानीय बौद्ध अर्घौ सदनले लामो समयदेखि सञ्चालनको माग गर्दै आए पनि महानगरले कार्यविधि नबनाउँदा प्रक्रिया अघि बढ्न सकेको थिएन । "यति ठूलो लगानीमा निर्माण भएको संरचना प्रयोगविहीन हुनु दुःखद विषय हो। स्पष्ट मापदण्ड र कार्यविधि बनाएर सञ्चालनमा ल्याउन सके यसबाट पोखरेली मात्र होइन, आसपासका जिल्लाका नागरिकसमेत लाभान्वित हुनेछन्," अध्यक्ष गुरुङले भन्नुभयो ।

हाल पोखराका रामघाट, तुल्सीघाट, शक्तिघाट, मदौरेघाट, सीतापाइला घाटलगायत स्थानमा परम्परागत रूपमा दाउराको प्रयोग गरी दैनिक पाँच-छ वटा शव दाहसंस्कार हुँदै आएको छ । वर्षायाममा दाउरामा शव जलाउन कठिन हुने, धेरै दाउरा खपत हुने तथा धुवाँका कारण वातावरण प्रदूषित हुने समस्यालाई मध्यनजर गर्दै विद्युतीय शवदाह गृह निर्माण गरिएको हो । करिब १० रोपनी क्षेत्रफलमा फैलिएको शवदाह गृहमा तीन वटा दहन मेसिन राख्ने क्षमता भए पनि हाल दुई वटा मेसिन जडान गरिएको छ । परिसरभित्र अन्तिम श्रद्धाञ्जली कक्ष, हिन्दु धर्मावलम्बीका लागि मन्दिर तथा बौद्ध धर्मावलम्बीका लागि गुम्बा समेत निर्माण गरिएको छ । निर्माण कम्पनी सिनर्जी बिल्डर्स प्रालि का प्रोजेक्ट म्यानेजर इन्द्र खनाल का अनुसार एक मेसिनले ४५ मिनेटदेखि एक घण्टाभित्र एउटा शव दहन गर्न सक्छ । दहनका क्रममा निस्कने धुवाँ र तापलाई प्रशोधन गरी ३० मिटर अग्लो चिम्नीमार्फत बाहिर निकालिने भएकाले वातावरणीय प्रदूषण न्यून हुने दाबी कम्पनीको छ । निर्माण सम्पन्नपछि गरिएको परीक्षणमा दुई वटा शव करिब ४५ मिनेटमै सफलतापूर्वक दहन गरिएको थियो । यो परियोजनाको ठेक्का सम्झौता २०७३ सालमै भए पनि स्थानीयको विरोध, कानुनी प्रक्रिया तथा कोभिड-१९ महामारीका कारण निर्माण कार्य ढिलो सुरु भएको थियो । सर्वोच्च अदालतले निर्माणमा रोक नलगाउने आदेश दिएपछि २०७८ असोजदेखि कामले गति लिएको थियो । दुई वर्षमै सम्पन्न हुनुपर्ने परियोजना विभिन्न कारणले झन्डै सात वर्षपछि पूरा भएको हो । निर्माण कम्पनीले २०८० भदौ २० गते उक्त परियोजना निर्माण सम्पन्न गरेको थियो । त्यसपछि परीक्षण तथा अन्य प्राविधिक प्रक्रिया पूरा गरी २०८१ वैशाख २० गते सञ्चालनको जिम्मेवारीसहित पोखरा महानगरपालिकालाई हस्तान्तरण गरिएको थियो । तर सञ्चालन कार्यविधि अभावका कारण सेवा सुरु हुन ढिलाई भएको महानगरले जनाएको छ ।

## नेपालसँग ...

नेपाली युवाहरूले कृषि क्षेत्रमा ज्ञान, सीप र अनुभव हासिल गर्दै उल्लेखनीय प्रगति गरिरहेको राजदूत बासले बताउनुभयो ।

इजरायलले आफ्नो प्रविधि र अनुभव विकासशील देशहरूसँग साझेदारी गर्ने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको राजदूत बासले बताउनुभयो । उहाँले पर्यटन क्षेत्रमा पनि नेपाल-इजरायलबीच सहकार्य भइरहेको बताउनुभयो । पछिल्लो समय नेपाल भ्रमणमा आउने इजरायली पर्यटकको सङ्ख्या वृद्धि भएको उल्लेख गर्दै राजदूत बासले पोखरा-दुबई सिधा उडान सुरु भएपछि पर्यटक आगमनमा थप वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । नेपाल र इजरायलबीच सिधा हवाई उडान सेवा सञ्चालनको सम्भावनाबारे पनि छलफल भइरहेको राजदूत बासले बताउनुभयो । प्रकृति र संस्कृतिले धनी रहेको नेपालले इजरायली पर्यटकलाई आकर्षित गरिरहेको उहाँले बताउनुभयो । उहाँले आफूपनि यसअघि पाँच पटकसम्म पोखराको भ्रमणमा आएको सुनाउनुभयो ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
- पल क्लियेरोई

## सम्पादकीय

# अदालती अल्झनमा परेको कांग्रेस

देशको पुरानो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसमा विशेष महाधिवेशनपछि सुरु भएको विवाद झाङ्गिएर अहिले चरमोत्कर्षमा पुगेको छ। काङ्ग्रेसको आधिकारिकता कस्ले पाउने भन्ने विवाद फेरि अदालतमा पुगेको छ। २०८२ पुस २७ देखि ३० गतेसम्म तत्कालीन केन्द्रीय समितिको असहमतिबिच भएको विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएपछि पार्टीभित्र आधिकारिकता, वैधानिकता र नेतृत्वलाई लिएर गम्भीर विवाद र विभाजनको शृंखला चलेको छ।

निर्वाचन आयोगले विशेष महाधिवेशनलाई मान्यता दिए पनि संस्थागत असन्तुष्टि र अदालतसम्मका कानुनी लडाइँ जारी छन् । सर्वोच्च अदालतले बिहीबार नेपाली कांग्रेसको आधिकारिकता विवादमा भएको फैसला पुनरवलोकनको अनुमति दिएको छ । प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासहित न्यायाधीश नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको पूर्ण इजलासले यसअघिको फैसला पुनरावलोकन गर्न अनुमति दिएपछि संस्थापन पक्षलाई दबाब परेको छ। २०८२ माघ २ मा निर्वाचन आयोगले विशेष महाधिवेशनलाई मान्यता दिँदै नयाँ पदाधिकारीको अभिलेख अद्यावधिक गर्‍यो।

त्यसविरुद्ध निवर्तमान सभापति शेरबहादुर देउवा समूहले सर्वोच्च अदालतमा रिट दायर गर्‍यो । २०८३ वैशाख ४ मा सर्वोच्च अदालतले देउवा पक्षको माग अस्वीकार गर्दै निर्वाचन आयोगकै निर्णयलाई मान्यता दिएपछि विवाद झन् चर्कियो। देउवा समूह पुनरावलोकनको मुद्दा लिएर फेरि सर्वोच्च पुग्नु मिलाउन दिएको दबाब हो।त्यसपछि सभापति गगन थापाले मिलाउने प्रयास गरे पनि अहिलेसम्म मिल्न सकेको छैन । मुख्यगरी अहिले क्रियाशील सदस्यता अध्यावधिकलाई अनिवार्य गर्ने कि नगर्ने तथा १४औँ महाधिवेशनबाट आएको केन्द्रीय समितिलाई विशेष महाधिवेशनबाट आएको केन्द्रीय समितिमा समायोजन गर्ने कि नगर्ने भन्ने विवाद अहिले चरमोत्कर्षमा पुगेको छ।

शेरबहादुर देउवा र डा. शेखर कोइराला समूहले १४औँ महाधिवेशनबाट आएको समितिलाई विशेष महाधिवेशनपछि चयन गरिएको समितिमा गाभ्नुपर्ने र क्रियाशील सदस्यता अध्यावधिकलाई अनिवार्य गर्न नहुने अडान राखिरहेको छ। संस्थापनले त्यो विषय मानिरहेको छैन ।राजनीतिक मुद्दालाई विधानको कुनै धारा वा अदालती प्रकृयाबाट खोज्नु विवादलाई तन्काउनु हो। अर्कोतर्फ संस्थापनलाई दबाब दिनका लागि भन्दै साउन २९ गते राष्ट्रिय भेला बोलाएको छ। इतर समूहले राष्ट्रिय भेला बोलाएपछि संस्थापनले साउन २४ गते केन्द्रीय कार्यसमितिको बैठक बोलाएको छ। अहिले कांग्रेसमा विशेष महाधिवेशनबाट संस्थापन भएको, देउवा नेतृत्वको असन्तुष्ट पक्ष र नेता डा. कोइराला नेतृत्वको धार गरी स्पष्ट रूपमा विभाजित देखिएका छन ।

नेपालको पुरानो प्रजातान्त्रिक शक्ति मानिने नेपाली कांग्रेस यसबेला दुई कित्तामा देखिनु लोकतन्त्र र राष्ट्रियताको हितमा देखिदैन । कांग्रेस आन्तरिक कलहबाट गुज्रिरहेको देखिएपनि यी घटनाक्रम विकसित हुनुमा आन्तरिक र बाह्य दुवै कारणले काम गरेको छ । प्रजातान्त्रिक शक्तिहरूको विभाजन उन्मुख बन्दै जानुका अनेकन कारणमध्ये मूल कारण भू-राजनीतिक प्रभाव नै रहेको छ। जेनजी आन्दोलनपछि नेपाली कांग्रेसभित्र अमेरिकालाई हेर्ने दृष्टिकोण विभाजित बन्दा कांग्रेस विभाजनको बाटोमा अघि बढेको विश्लेषण गर्न थालिएको छ। तर, त्यसको आधार निर्माण भने २०७९ साल असारमै बनेको राजनीतिक विश्लेषकको तर्क छ।

'जब २०७९ असारमा शेरबहादुर देउवा नेतृत्वको सरकारले एसपीपी कार्यक्रम अस्वीकार गर्‍यो, यसले कांग्रेसभित्र दुई धार स्पष्ट देखिया । त्यसपछि एउटा पक्ष अमेरिकाको रणनीतिक स्वार्थसँग नजिक हुने र अर्को पक्ष राष्ट्रिय संवेदनशीलतालाई प्राथमिकता दिने धारमा पुगयो ।' यही वैचारिक द्वन्द्वले प्रजातान्त्रिक शक्तिलाई कमजोर बनाएको छ। वैचारिक, सैद्धान्तिक र राजनीतिक स्पष्टता कायम गर्न सकेमा अदालती अल्झनबाट काङ्ग्रेस मुक्त हुनेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विश्व आदिवासी दिवस मनाइँदै

**रासस**
पोखरा, २१ साउन

नेपाल आदिवासी जनजाति महासङ्घ (नेफिन)ले यही साउन २४ गते ३२औँ विश्व आदिवासी दिवस नेपालभर विभिन्न कार्यक्रमका साथ मनाउने भएको छ।

महासङ्घले आज पत्रकार सम्मेलन गरेर 'प्राप्त अधिकारको रक्षा आजको आवश्यकताः पहिचानसहितको समावेशी र न्यायपूर्ण नेपाल निर्माणमा हाम्रो साझा प्रतिबद्धतता' अन्तरराष्ट्रिय नारा र 'आदिवासी सुडेनीहरुको सुरक्षित जीवन र र कल्याणको रक्षा' राष्ट्रिय नाराका साथ दिवस मनाउन लागिएको जानकारी दिएको हो।

यो दिवसलाई आदिवासी जनजातिको इतिहास, भाषा, संस्कृति, परम्परागत ज्ञान, पहिचान र अधिकारप्रति सम्मान व्यक्त गर्ने अवसरका रूपमा मनाइँदै आएको छ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. १९ (साविक लामाचौर-२) निवासी भारतीय भु.पु.नं. 5843511N हनेरी नायब सुवेदार शिव वहादुर भण्डारी 4/5 GR को श्रीमतीको नागरिकतामा नामथर सेती भण्डारी र जन्ममिति वि.सं. २००९।१०।१५ तदानुसार सन् १९५३ जनवरी २८ उल्लेख भएको तर भारतीय पेन्सन अभिलेखमा नामथर सेती कुमारी भण्डारी र जन्ममिति सन् १९५३ जनवरी २९ उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिससाथ अनुरोध गरिन्छ भनी पोखरा लेखनाथ महानगरपालिका १९ नं. वडा कार्यालय, कास्कीको च.नं. ४४७ मिति २०७५।५।१५ को सिफारिसपत्रबाट लेखि लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

जिल्ला प्रशासन कार्यालय, कास्की

## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला पै यु थ न्‌ था प गा.वि.स.वडा नं. ९ निवासी भारतीय भू.पू.नं. ५४५२२९२ टि.एस नायक राम वहादुर थापा र राम बहादुर हमाल भन्ने एउटै व्यक्तिको श्रीमती विष्णु कुमारी थापा र विष्णु कुमारी हमाल भन्ने एउटै व्यक्ति भएको भनि गाउं विकास समितिको कार्यालय पैयुथन्थाप बागलुङको च.नं. २३१ मिति २०७०।११।४ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, बाग्लुङ**

HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१०१०००८०२८ | सिमरिका बिष्ट | बालुवा-२, काठमाडौं |
| २ | PLI १०१०००७३०५ | सुदीप पौडेल | नारायणस्थान-९, बागलुङ |
| ३ | ULI ९१०००००६० | देबु श्रीस | सिसखानी-९, बागलुङ |
| ४ | PLI १०१००१०५३९ | संयम मलेकु | भक्तपुर १२, भक्तपुर |


# १४ औँ वार्षिकोत्सवमा पोखरा ट्रेड मलको 'ग्रान्ड फेस्ट २०८३'

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन




पोखरा महानगरपालिका-९, चिप्लेढुङ्गास्थित प्रमुख व्यापारिक केन्द्र पोखरा ट्रेड मल एण्ड हाउजिङ प्रालि ले आफ्नो १४ औँ वार्षिकोत्सवको अवसरमा तीन दिने 'ग्रान्ड फेस्ट २०८३' आयोजना गर्ने भएको छ।

बुधबार आयोजित पत्रकार सम्मेलन तथा जारी गरिएको प्रेस विज्ञप्तिमार्फत कम्पनीले साउन २२ देखि २४ गतेसम्म विशेष छुट, मनोरञ्जन, सांगीतिक कार्यक्रम तथा सामाजिक उत्तरदायित्वका गतिविधिसहित फेस्टिभल आयोजना गर्न लागेको जनाएको हो। फेस्टिभल अवधिभर मलभित्र रहेका विभिन्न प्रतिष्ठित ब्रान्ड तथा व्यवसायीहरूले ग्राहकका लागि विशेष छुट र आकर्षक सेल अफर उपलब्ध गराउनेछन्। साथै, चर्चित कलाकारहरूको सांगीतिक प्रस्तुति, विविध मनोरञ्जनात्मक कार्यक्रम तथा स्थानीयदेखि अन्तर ाष्ट्रिय स्वादका परिकारसहितको आकर्षक फुड कोर्ट पनि सञ्चालन गरिनेछ । मलका अध्यक्ष दीपककुमार मुल्मीले फेस्टिभलले ग्राहकलाई किनमेलसँगै मनोरञ्जनको अनुभव दिलाउने विश्वास व्यक्त गर्दै यसले स्थानीय व्यापार प्रवर्द्धन, बजारलाई चलायमान बनाउन तथा आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनमा समेत सकारात्मक योगदान पुग्ने बताउनुभयो। मलले सामाजिक उत्तरदायित्वलाई पनि प्राथमिकतामा राख्दै विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण तथा उत्कृष्ट व्यवसायी सम्मान कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । भूकम्प प्रतिरोधी प्रविधि र आधुनिक सुरक्षा प्रणालीसहित २०७२ साल असोज २६ गतेदेखि सञ्चालनमा आएको पोखरा ट्रेड मलमा हाल ५०० भन्दा बढी व्यावसायिक सटर सञ्चालनमा छन्। यहाँ लत्ताकपडा, कस्मेटिक्स, इलेक्ट्रोनिक्सलगायतका पसलका साथै मल्टिप्लेक्स सिनेमा, रेस्टुरेन्ट, फुड कोर्ट, जिम, सैलुन र ब्युटी पार्लरजस्ता सेवा उपलब्ध छन्। अध्यक्ष मुल्मीले फेस्टिभलले ग्राहक, व्यवसायी र मनोरञ्जन क्षेत्रबीचको सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्दै सम्पूर्ण ग्राहक, व्यवसायी तथा शुभेच्छुकलाई कार्यक्रममा सहभागी हुन आग्रह गर्नुभएको छ।

# गल्याङ्-चापाकोट सडक निर्माणले पुर्णता नपाउँदै जीर्ण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ साउन

जिल्लाको दक्षिण पूर्वी चापाकोट क्षेत्रलाई सिद्धार्थ राजमार्गसँग जोड्ने उद्देश्यले निर्माण थालिएको सडकले पुर्णता नपाउँदै जीर्ण बन्दै गएको छ । ट्र्याक खुलेको ३१ वर्षमा गल्याङ्-चापाकोट सडकले पुर्णता नपाउँदै जीर्ण बन्दै गएपछि सार्वजनिक यातायातका सवारीसाधन चल्न बन्द भएको छ।

फलफूल र खाद्यान्न उत्पादनका लागि प्रचुर सम्भावना बोकेको चापाकोटलाई सिद्धार्थ राजमार्गसँग जोड्न २०५२ सालमा सडकको नयाँ ट्र्याक खुलेको थियो । उत्पादित कृषिजन्य वस्तको व्यापारसँगै स्वरोजगारी सिर्जना र आर्थिक गतिविधि विस्तार गर्ने उद्देश्यले निर्माण थालिएको सडकले पुर्णता नपाउँदै जीर्ण बन्न थालेपछि स्थानीय निराश भएका छन् । सडक निर्माणले आवश्यक गति नलिदा सार्वजनिक सवारीसाधन चल्न बन्द भएका छन् भने सडक स्तरोउन्नतिको काम वर्षौंदेखि अलपत्र पर्दा स्थानीयले सास्ती भोग्दै आएका छन् । हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे हुने सडकमा कष्ठपूर्वक यात्रा गर्दा स्थानीयले सास्ती भोग्दै आएका हुन् । केही वर्षअघिसम्म चापाकोटबाट गल्याङ् हुँदै बुटवल दैनिक ८ वटा मिनीबस र गल्याङ्सम्मका लागि १५ वटा बोलेरो जिप नियमित सञ्चालनमा रहेका थियो। निर्माण कार्यले पुर्णता नपाउँदै पछिल्लो समय सडक दिनानुदिन बिग्रदै गएको छ । बर्खाको सयममा सडकको अवस्था दयनीय बनेको छ । गल्याङ्-चापाकोट सडकखण्डाको सुन्तलीटार, किसान, मनहरी, बेलचौर, आँपचौर, ढाडेखोला, सम्पास र प्याउनासलगायत आसपासका स्थानीयलाई बजार पुग्न र दैनिक आवतजावत गर्न निकै कठिन भएको स्थानीय तेजप्रसाद खनालले बताए।

गल्याङ्देखि चापाकोटस्थित दामाचौरसम्मको २७ किलोमिटर सडकमध्ये करिब ११ किलोमिटर खण्ड अत्यन्त जीर्ण बनेसँगै सडक प्रयोगमा कठिन बनेको छ । गण्डकी प्रदेश सरकारको समपूरक शीर्षकको बजेटबाट २०८० चैतमा ४२ करोड रुपैयाँ लागतमा तीन वर्षमा काम सक्ने गरी सडक कालोपत्रेको काम शुरु गरिएको थियो। सडक विस्तारको जिम्मा पाएको अमर कन्स्ट्रक्सनले तोकिएको समयमै निर्माणको काम नसक्दा सडक जीर्ण बन्दै गएको हो । निर्माण सामग्रीको सहज उपलब्ध नहुनु, मूल्य वृद्धिका कारण सडक निर्माणमा ढिलाइ भएको पूर्वाधार विकास कार्यालयले दाबी गरेको छ । सडक विस्तारका लागि आर्थिक वर्ष २०८०/८१ को २० करोड र दोस्रो वर्ष २०८१/८२ को २० करोड रुपैयाँको बजेटमा सडक निर्माणको कामले अपेक्षाकृत गति लिएको थियो। पछिल्लो वर्ष २०८२/८३ को झण्डै १४ करोड रुपैयाँ बजेट खर्च हुन नसक्दा सडकले पुर्णता नपाउँदै जीर्ण बन्दै गएको पूर्वाधार कार्यालय प्रमुख इन्जिनियर गुरुदत्त अधिकारीले बताए। तोकिएकै समयमै सडक बन्न नसक्दा लागत बढ्दै गएको छ भने बनेका सडक संरचना समेत जीर्ण बन्दै गएको कार्यालय प्रमुख अधिकारीले बताए । आउँदो वर्षभित्र सडक पुरा नगरे निर्माण कम्पनीलाई कारबाही स्वरुप जरिवाना र ठेक्का तोड्नेसम्मको निर्णय गरिने अधिकारीको भनाइ छ। उक्त सडकलाई गल्याङ् हुँदै बुटवलु भैरहवा तथा तनहुँको दुलेगौंडा हुँदै राजधानी काठमाडौं पुग्ने मुख्य 'लाइफलाइन'का रूपमा लिने गरिन्छ । सडक समयमै निर्माण नहुँदा स्थानीयले कालीगण्डकी करिडोर हुँदै लामो र झन्झटिलो यात्रा गर्न बाध्य छन् । निर्माण कम्पनीलाई प्रभावकारी रूपमा काम गराउन नसक्नु, पूर्वाधार कार्यालयको गैरजिम्मेवार र पटक-पटक म्याद थप्दै जाँदा समस्या थपिदै गएको स्थानीय नरेन्द्र अर्यालले बताए।

गल्याङ्-चापाकोट सडक आयोजना समयमै स्तरोन्नति भए त्यस क्षेत्रका लाखौ स्थानीयलाई व्यावसायिक गतिविधि संचालन र दैनिक आवागमन सहज हुने थियो । जिल्लाको दक्षिण पूर्वी भेगमा उत्पादित कृषिजन्य वस्तुको सहज निकासीसँगै व्यापार, व्यवसाय, पर्यटन र समग्र आर्थिक क्षेत्रमा सडकले नयाँ अवसरको ढोका खोल्नेमा स्थानीयले विश्वास जनाएका छन्।

# एमालेको सदस्यता प्रणाली पूर्णतः 'डिजिटल' हुने

**रासस**
काठमाडौ, २१ साउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पार्टी सदस्यता प्रणालीलाई पूर्णरूपमा 'डिजिटल' बनाउने भएको छ।

पार्टीको 'मिसन पार्टी जागरण' अभियानअन्तर्गत बुधबार राजधानी प्रदेश कमिटीद्वारा पार्टी मुख्यालय च्यासलमा आयोजित सदस्यतासम्बन्धी कार्यशालामा त्यस बारेमा जानकारी दिइएको हो । पार्टीको जनतासँगको सम्बन्ध स्थापित गर्ने र सङ्गठनलाई तल्लो स्तरसम्मै गतिशील बनाउने उद्देश्यका साथ सो कार्ययोजना सार्वजनिक गरिएको हो । पार्टीका सचिव डा राजन भट्टराईले 'डिजिटल' प्रणालीको भरपुर उपयोग गरिने बताउनुभयो। "विशेषगरी पार्टीको विवरण, साङ्गठनिक अवस्था, सूचना, प्रतिवेदन र जनसम्पर्कलाई डिजिटल माध्यमको प्रयोग गरी अघि बढाउन पार्टी पंक्तिलाई प्रेरित गरिनेछ," उहाँको भनाइ थियो। पार्टी नेतृत्वले नेता तथा कार्यकर्ताको राजनीतिक चेतना र क्षमता अभिवृद्धिका लागि वडा र पालिका स्तरमै प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ।

पार्टी सचिव भानुभक्त ढकालले पार्टीको सदस्यता र अन्य दस्तावेजलाई प्राकृतिक तथा अन्य सङ्कटबाट जोगाउन र कामलाई चुस्त बनाउन सदस्यतालाई डिजिटल बनाउन आवश्यक रहेको बताउनुभयो।

# मतदाता नामावली सङ्कलनमा सहजीकरण गर्न स्थानीय तहलाई आग्रह

**रासस**
काठमाडौं, २१ साउन

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मतदाता नामावली सङ्कलनका लागि आवश्यक सहयोग गर्न स्थानीय तहलाई आग्रह गरेको छ ।

मन्त्रालयले बुधबार सबै गाउँपालिका र नगरपालिकालाई पत्राचार गर्दै प्रदेश र जिल्ला निर्वाचन कार्यालयलाई मतदाता नामावली सङ्कलन गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्न आग्रह गरेको हो । निर्वाचन आयोगले यसअघि नै मतदाता नामावली अद्यावधिक गर्ने निर्णय गरिसकेको छ । आयोगको यही साउन १५ गतेको बैठकले मतदाता नामावली अद्यावधिक गर्ने र त्यसका लागि वडास्तरमा नै आवश्यक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । आयोगले वडा स्तरमा नै मतदाता नामावली विस्तृत रूपमा अद्यावधिक गर्नेछ । सो क्रममा स्थानीय पञ्जिकाधिकारीसँग समन्वय गरी विवाह, बसाइँसराइ तथा मृत्यु भएका मतदाताको विवरण मतदाता नामावलीसँग भिडाई अद्यावधिक हुनेछ । सो कार्य आगामी भदौ १५ सम्म सम्पन्न गर्ने समयसीमा तय गरिएको छ । आयोगले सो कार्यका लागि आवश्यक व्यवस्था गरिदिन भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई आग्रह गरेको थियो ।

आयोगको सोही आग्रहबमोजिम मन्त्रालयले सबै स्थानीय तहलाई मतदाता नामावली सङ्कलन एवम् अद्यावधिक गर्ने कार्यका लागि आवश्यक सहयोग एवम् सहजीकरणका लागि अनुरोध गरेको हो । निजी नर्सरी सुदृढीकरणका लागि प्रस्ताव माग चालु आर्थिक वर्षका लागि तय भएको निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रमका लागि प्रस्ताव माग गरिएको छ । कृषि वन तथा पर्यावरण मन्त्रालय मातहतको राष्ट्रिय फलफूल विकास आयोजनाले कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा फलफूल नर्सरीको क्षमता विस्तार गर्ने कार्यक्रम सञ्चालन गर्दैछ । नर्सरीको क्षमता विस्तार तथा उत्पादन हुने बिरुवाको गुणस्तर सुधार गर्न इच्छुक नर्सरीधनीबाट प्रस्ताव माग गरिएको छ । सङ्घीय मामिला मन्त्रालयले यस सम्बन्धमा पनि आवश्यक सहजीकरणका लागि सबै स्थानीय तहलाई बुधबार पत्राचार गरेको हो । सो कार्यक्रममा आबद्ध हुने किसानले ५० प्रतिशतसम्म अनुदान प्राप्त गर्नेछन् । 'पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३' अनुसार गुणस्तरीय फलफूलको बिरुवा उत्पादन गर्न नर्सरीको क्षमता विस्तार र गुणस्तर सुधारमा जोड दिइएको छ ।

त्यसका लागि केन्द्रीय आयोजना व्यवस्थापन इकाइ कीर्तिपुरमा एक महिनाभित्र आवेदन दिनुपर्नेछ । आवेदनसहित विभिन्न कागजपत्र समेत पेस गर्नुपर्नेछ । त्यस्तै, मन्त्रालयले राष्ट्रिय खोप कार्यक्रमका लागि पनि आवश्यक समन्वय, सहजीकरण र व्यवस्थापनका लागि स्थानीय तहलाई अनुरोध गरेको छ । खोप छुट भएका बालबालिकाको पहिचान र पहुँच बढाइ खोप पूरा गराउन, तराइ र भित्री मधेशका जिल्लामा नियमित खोपसँगै समुदाय स्तरमा थप खोप केन्द्र सञ्चालनका लागि आवश्यक प्रबन्ध गर्न भनिएको छ । त्यसका लागि विगतको अभ्यास, प्रगति तथा अन्य अवस्थाको विश्लेषण गरी खोप केन्द्रली पायक र पहुँच योग्य बनाउनुपर्ने छ । नियमित खोप केन्द्र समुदायबाट टाढा भएको भए अत्यावश्यक स्थान चयन गरी निरन्तर कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । भीडभाड हुने स्थानमा थप व्यवस्था गरी खोप सेवा प्रभावकारी र पहुँचयोग्य भएको सुनिश्चित गर्न आग्रह गरिएको छ ।

# डेङ्गीविरुद्ध 'खोज र नष्ट गर' अभियान

**पोखरापत्र संवाददाता**
गण्डकी, २१ साउन




साउन लागेयता बागलुङमा डेङ्गी सङ्क्रमितको सङ्ख्या २४१ पुगेको छ । डेङ्गी सङ्क्रमण तीव्र भएपछि बिहीबारदेखि जिल्लामा 'खोज र नष्ट गर' अभियान सुरु गरिएको हो ।

डेङ्गी फैलाउने लामखुट्टेको बासस्थान नष्ट गरी जीवनचक्र खल्बल्याउन उक्त अभियान सुरु गरिएको गण्डकी प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले बताउनुभयो । "टोल र समुदायस्तरमा डेङ्गीको सङ्क्रमण नियन्त्रणका लागि सचेतना जगाउन अभियान सुरु गरिएका हो", उहाँले भन्नुभयो, "डेङ्गी नियन्त्रण तथा रोकथामका लागि हरेक व्यक्ति र परिवार जिम्मेवार हुनुपर्छ ।" जनस्वास्थ्य कार्यालयको अगुवाइ तथा बागलुङ नगरपालिकाको स्वास्थ्य शाखालगायत विभिन्न सङ्घसंस्था र नागरिक समूहको संयुक्त पहलमा उक्त अभियान सञ्चालन हुने जनाइएको छ ।

डेङ्गी सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने हुँदा घर, कार्यालय र सार्वजनिक स्थलमा पानी जम्न दिन नहुने प्रमुख शर्माको भनाइ छ ।

डेङ्गीको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, भाँडाकुँडा, ड्रम आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गनुपर्ने जनस्वास्थ्य प्रमुख शर्माले बताउनुभयो । डेङ्गी सङ्क्रमण नियन्त्रणका लागि स्थानीय समुदायकै बढी भूमिका हुने उहाँको भनाइ छ । डेङ्गीको सङ्क्रमणबाट जोगिन विशेष सावधानी अपनाउन चिकित्सकको सुझाव छ । सङ्क्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले उक्त रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्नु डेङ्गीबाट बच्ने उत्तम उपाय भएको उहाँहरूको भनाइ छ ।

डेङ्गी सङ्क्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकानजस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्नुपर्ने प्रमुख शर्माले बताउनुभयो । डेङ्गी भएमा आराम गर्ने, पानीलगायत झोलिलो प्रशस्त पदार्थ पिउने र जथाभावी औषधि सेवन गर्न नहुने प्रमुख चिकित्सक बताउँछन् । असारदेखि कात्तिकसम्म डेङ्गीको सङ्क्रमण बढी फैलने गर्छ । समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके डेङ्गीले महामारीको रुप लिनसक्ने शर्माले बताउनुभयो । "चार प्रकारको भाइरसबाट मानिसमा डेङ्गी सङ्क्रमण हुने गरेको छ । डेङ्गी सार्ने 'एडिस एजिप्टाई' जातको लामखुट्टले जम्मा भएको सफा पानीमा फूल पार्ने र लार्भा जन्माउने गर्छ । यो लामखुट्टेले दिनमा मात्र टोक्ने भएकाले आवश्यक सर्तकता अपनाउन जरुरी छ", उहाँले भन्नुभयो ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २७ निवासी भोविलाल गर्बुजाको छोरा भारतीय भू.पु.सै.नं.जे सी ६२३७११K, NB SUB पुर्ण प्रसाद गर्बुजाको माग निवेदन अनुसार निजको छोरा अरुण पुनको ना.प्र.नं.४६१००२/५५७२ जारी मिति २०६७।०९।१९ कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर अरुण पुन (Arun Pun) उल्लेख भएको र निजको भारतीय सैनिक अभिलेखमा छोराको नामथर Anash Pun उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २७ नं. वडा कार्यालयको च.नं. २७६ मिति २०८३।०४।२० को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



यस जिल्ला स्थित साविक भँगरा गा.वि.स. वडा नं २ हाल फलेवास नगरपालिका वडा नं ९ बस्ने भारतीय भु.पु. सैनिक नं. ५८४४७७३ W का नायक कृष्ण कुमार क्षेत्रीको नेपाली नागरिकता प्रमाणपत्र नं २९५ मा नामथर कृष्ण बहादुर खत्री क्षेत्री उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा नामथर कृष्ण कुमार क्षेत्री उल्लेख भई नामथर फरक भएता पनि यि दुई नामथर भएको व्यक्ति एउटै भएको भनी फलेवास नगरपालिका ९ नं. वडा कार्यालय, पर्वतको च.नं. ३४ मिति २०८३।०४।१४ को पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक भकिम्ली गा.वि.स. वडा नं. ७, हाल बेनी नगरपालिका वडा नं. ३ बस्ने, भारतीय असम राइफलका भू.पू. नं. १२३८६५, अम्मर बहादुर थापाको श्रीमती डिलमाया थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर तिलमती थापा मगर र जन्ममिति वि.सं. २०२७/०७/२० (ई.सं. १९७०/११/०५) उल्लेख भएको र निजको सैनिक अभिलेखमा नामथर डिलमाया थापा र जन्ममिति ई.सं. १९६७/०४/२० (वि.सं. २०२४/०१/०७) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित बेनी नगरपालिका ३ नं. वडा कार्यालयको च.नं. ६५, मिति २०८३/०४/१८ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही बमोजिम सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २७ निवासी भोविलाल गर्बुजाको छोरा भारतीय भु.पु.सै.नं. जे सी ६२३७११K, NB SUB पुर्ण प्रसाद गर्बुजाको माग निवेदन अनुसार निजको श्रीमती रत्न कुमारी गर्बुजाको ना.प्र.नं.४९-०१-८०-०४१३६ जारी मिति २०८०।१०।१० म्याग्दीको नेपाली नागरिकता प्रमाणपत्रमा जन्ममिति वि.सं.२०२९।०५।०५ (ई.सं.१९७२।०८।२०) उल्लेख भएको र निजको भारतीय सैनिक अभिलेखमा श्रीमतीको जन्ममिति ई.सं.१९७३।०८।२० उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २७ नं. वडा कार्यालयको च.नं. २७५ मिति २०८३।०४।२० को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २७ निवासी भोविलाल गर्बुजाको छोरा भारतीय भु.पु.सै.नं. जे सी ६२३७११K, NB SUB पुर्ण प्रसाद गर्बुजाको माग निवेदन अनुसार निजको छोरी शिल्पा पुनको ना.प्र. नं.४६-०१-७१-०३१३१ जारी मिति २०७१।०३।२० कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर शिल्पा पुन (Shilpa Pun) र जन्ममिति वि.सं. २०५४।०६।२७(ई. सं.१९९७।१०।१३) उल्लेख भएको र निजको भारतीय सैनिक अभिलेखमा छोरीको नामथर Silpa Pun जन्ममितिः ई.सं. १९९७।०२।१८ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २७ नं. वडा कार्यालयको च.नं. २७७. मिति २०८३।०४।२० को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



यस जिल्ला स्थित साविक भँगरा गा.वि.स. वडा नं २ हाल फलेवास नगरपालिका वडा नं ९ बस्ने भारतीय भु.पु. सैनिक नं. ५८४४७७३ W का नायक कृष्ण कुमार क्षेत्रीको श्रीमती दिर्पा कुमारीको नेपाली नागरिकता प्रमाणपत्र नं ३२१३ मा नामथर दिर्पा कुमारी क्षेत्री, जन्ममिति वि.सं २०१९।०४।०७ (सन् १९६२-०७-२२) उल्लेख भएको र निजका श्रीमानको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर दिर्पा कुमारी, जन्ममिति सन् १९६१-०१-२३ (वि.सं २०१७।१०।१०) उल्लेख भई नामथर र जन्ममिति फरक भएता पनि यि दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी फलेवास नगरपालिका ९ नं. वडा कार्यालय, पर्वतको च.नं. ३३ मिति २०८३।०४।१४ को पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक दोबा गा.वि.स. वडा नं. ५ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. १ बस्ने भारतीय सेनाका भू.पू. सैनिक ५४४७५३४, दुर्ग बहादुर पुनको श्रीमती गो मया पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर गोमया चोचाङ्गी र जन्ममिति वि.सं. २०१३/०३/२० (ई.सं. ०३/०७/१९६२) उल्लेख भएको साथै निजको भारतीय सैनिक अभिलेख/डिस्चार्ज सर्टिफिकेट/पेन्सन पट्टामा श्रीमतीको नामथर गो मया पुन र जन्ममिति वि.सं. २०१९/०१/२८ (ई.सं. १९६२/१०/०५) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका १ नं. वडा कार्यालयको च.नं. २४, मितिः २०८३/०४/११ को पत्रबाट सिफारिस भई आएकोले भारतीय पेन्सन प्रयोजनार्थ जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

## भाखा नाघेको ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८३/०४/२२ पोखरापत्र राष्ट्रिय दैनिक

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले उपयोग गरेको ऋण संस्थासँग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जना रकम तिर्न बुझाउन नआई आलटाल गरेको र तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा समेत वेवास्ता गरी अटेर गर्नु भएकोले गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को नियम २३ (क) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम तिर्न बुझाउन हुन सूचित गरिन्छ । अन्यथा गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को दफा २३ (ख) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनु पर्ने साँवा, ब्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत अशुल उपर गरिने व्यहोरा अवगत गराइन्छ ।

**तपशील**

| क्र.स. | ऋणीको नाम थर | धनजमानीको नाम थर |
|---|---|---|
| १. | **नाम : सुचना दर्जी**<br>पति : सम्मर बहादुर दर्जी<br>बाजे/ससुरा : लक्षमन दमाई<br>स्थायी ठेगाना : हिल गा.वि.स.-५, बाग्लुङ<br>हालः पोखरा म.न.पा.-३३, कास्की<br>ना.प्र.नं. ५०१०१८/२३९०७, बाग्लुङ<br>जारि मिति :२०६७/१२/२२ | **नाम : अमृता परियार**<br>पति : राजकुमार परियार<br>बाजे/ससुरा : राम बहादुर दमै<br>स्थायी ठेगाना : पोखरा म.न.पा.-३३, कास्की<br>ना.प्र.नं. : ४६३००३/७३१ कास्की<br>जारि मिति : २०६३/१०/१९ |
| २. | **नाम : जानकी परियार**<br>पति : राजु दर्जी<br>बाजे/ससुरा : नर बहादुर दर्जी<br>स्थायी ठेगाना : रुपा गा.पा.-३, कास्की<br>ना.प्र.नं. : ५५२३ बाँके, कास्की<br>जारि मिति : २०६२/०६/१२ | **नाम : राजु दर्जी**<br>पिता : नर बहादुर दर्जी<br>बाजे/ससुरा : गुन्दरे दर्जी<br>स्थायी ठेगाना : रुपा गा.पा.-३, कास्की<br>ना.प्र.नं. : ४२४३८, कास्की<br>जारि मिति : २०५२/१२/२६ |

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१–५०४०४९, ५०४०६१